Lokadarpana
Vol. VI, No. 1, 42-56, April, 2026
Pandit Shree Lokanath Luitel Smriti Pratishthan, Dharan

# ‘लङ्का काण्ड’ कथाको सांस्कृतिक अध्ययन

**ज्ञानु ढुङ्गेल***
gyanudhungel6@gmail.com

Received Date: February 25, 2026 - Accepted Date: March 28, 2026

**लेखसार**

प्रस्तुत लेखमा राजेन्द्र विमलद्वारा रचित ‘लङ्का काण्ड’ कथालाई सांस्कृतिक अध्ययनको अवधारणाअन्तर्गत रही विश्लेषण गरिएको छ। सांस्कृतिक अध्ययन कृति विश्लेषणको महत्त्वपूर्ण सैद्धान्तिक अवधारणा हो। यस लेखमा तथ्यहरूको विश्लषण गर्न सांस्कृतिक अध्ययनका विविध पक्षमध्ये प्रतिनिधित्व, प्रभुत्व र प्रतिरोधलाई मुख्य आधार बनाई कथाको विश्लेषण गरिएको छ। त्यसका लागि ‘समयका आँखा’ कथा सङ्ग्रहभित्र रहेको लङ्का काण्ड कथालाई प्राथमिक सामग्रीका रूपमा र त्यससँग सम्बन्धित अन्य समालोचनात्मक र सैद्धान्तिक पुस्तकहरुलाई द्वितीयक सामग्रीका रूपमा प्रयोग गरिएको छ। यी सबै खाले सामग्री पुस्तकालयबाट सङ्कलन गरिएको छ। विवेच्य कथामा विद्यमान सामाजिक समस्यालाई देखाउन कुन वर्गका पात्रहरूको प्रतिनिधित्व कसरी गरिएको छ, कथाभित्रको परिवेशमा को प्रभुत्वमा छ र को किनारामा पारिएको छ तथा किनारामा पारिएका वर्गको प्रभुत्वशाली वर्गप्रति प्रतिरोधको अवस्था कस्तो छ भन्ने जिज्ञासाका आधारमा ‘लङ्का काण्ड’ कथाको विश्लेषण गरिएको छ। कथामा तराई/मधेसमा बसोबास गर्ने विभिन्न वर्ग र समुदायका व्यक्तिको प्रतिनिधित्व गराई उनीहरूका समस्यालाई देखाइएको छ। प्रभुत्वका दृष्टिले केन्द्रीय तहमा खस राज्यसत्ता, क्षेत्रीय तहमा मधेसी समुदाय र मधेसी समुदायभित्र पनि सम्भ्रान्त वर्ग प्रभुत्वमा रहेको छ। यसै गरी खस राज्यसत्ताका विरुद्धमा मधेसी

* लेखक काठमाडौँस्थित रत्नराज्यलक्ष्मी क्याम्पसमा नेपाली विषयका उपप्राध्यापक हुनुहुन्छ।

समुदाय, क्षेत्रीय तहमा मधेसी प्रभुत्वका विरुद्धमा अल्पसङ्ख्यक पहाडे समुदाय र सम्भ्रान्त मधेसीका प्रभुत्वका विरुद्धमा सीमान्तीकृत मधेसी समुदाय प्रतिरोधमा उत्रिएको चित्रण गरिएको छ। समाजमा विद्यमान प्रभुत्वशाली र प्रभुत्वहीन वर्गको प्रतिनिधित्व, विभिन्न प्रकारका प्रभुत्वको अवस्था र तिनका विरुद्धमा भइरहेको प्रतिरोधलाई देखाउनु विवेच्य कथाको उद्देश्य रहेको छ।

**शब्दकुञ्जी** : विचारधारा, अनुदार, परिधीय, सीमान्तकृत, निम्न वर्गीय

## विषय परिचय

राजेन्द्र विमल (२००३) नेपाली साहित्य क्षेत्रका प्रतिभा शाली साहित्यकार हुन्। साहित्यका विविध विधा कथा, कविता, गीत, गजल, नाटक, उपन्यास, बालसाहित्य आदिमा आफ्नो सृजनशील प्रतिभाको प्रदर्शन गरेका छन्। उनले साहित्यिक कृतिको समालोचना, पुस्तक, पत्रिकाको सम्पादन एवं विभिन्न भाषाका कृतिहरूको अनुवाद पनि गरेका छन्। उनी मैथिली, नेपाली र अङ्ग्रेजी भाषामा साहित्य सृजना गर्न सक्छन्। समकालीन समाजको समग्र वस्तुस्थिति र विषय सन्दर्भको तटस्थ आँखाले सूक्ष्म अवलोकन गरी त्यसलाई साहित्यिक रूप दिन सक्नु उनको विशेषता हो। उनले कथाका माध्यमबाट सामाजिक विकृति, विसङ्गति, पारिवारिक समस्या, जातीय र क्षेत्रीय सङ्कीर्णता, सामाजिक विद्वेष आदि विषयवस्तुलाई उठान गरी यस प्रकारका नकारात्मक क्रियाकलाप समूल नष्ट हुनुपर्छ भन्ने विचार प्रकट गरेका छन्। देशभक्ति, जातीय र क्षेत्रीय सद्भाव, सबै समुदायबिच सहअस्तित्वको भावना, स्वतन्त्रता, मानवीयता आदि विशेषता उनका रचनामा पाइन्छ। धनी र गरिबबिचको खाडल, शक्तिशाली वर्गले गरेको सामाजिक र आर्थिक शोषणको विरोध गर्नमा उनका रचना सफल भएका छन्।

लङ्का काण्ड कथा समयका आँखा (२०६९) कथासङ्ग्रहमा सङ्कलित छ। यस कथामा २०६० को दशकमा मधेसमा सञ्चालित आन्दोलनका परिवेश र परिस्थितिजन्य प्रभावको वर्णन गरिएको छ। यस कथाले एक परिवार जसरी बसेका पहाडमूल र मधेसमूलका मानिसबिचमा सल्किएको विद्वेषको ज्वालाले ध्वस्त हुन लागेको मधेसको निस्सासिँदो वातावरणलाई मूल विषय बनाएको छ। यस 'लङ्का काण्ड' कथालाई साहित्यको समाजशास्त्रीय दृष्टिकोणबाट अध्ययन र विश्लेषण गर्ने प्रयास गरिएको छ। समाजशास्त्रले साहित्यलाई लेखकको कल्पनाको उपजमात्र मान्दैन। कृति निर्माण गर्न लेखकलाई तत्कालीन समाज र संस्कृतिले गहिरो प्रभाव पारेको हुन्छ। त्यसैले साहित्यलाई सामाजिक दस्तावेज र निश्चित परिवेशमा घटित घटनाको साक्ष्य मानिन्छ। प्रस्तुत लङ्का काण्ड कथाको अन्य सैद्धान्तिक आधारमा अध्ययन भएको भए पनि सांस्कृतिक अध्ययनका मुख्य तिन आधार प्रतिनिधित्व, प्रभुत्व र प्रतिरोधका आधारबाट विश्लेषण र मूल्याङ्कन भएको पाइँदैन। यही अनुसन्धान अन्तराललाई मध्यनजर गरी प्रस्तुत कथामा प्रतिनिधित्व, प्रभुत्व र प्रतिरोधको अवस्था कस्तो छ भन्ने प्राज्ञिक जिज्ञासाको समाधान गर्ने प्रयास गरिएको छ।

## अध्ययन विधि

प्रस्तुत लेखमा प्राज्ञिक समस्याको समाधान गर्न प्राथमिक र द्वितीयक गरी दुई किसिमका सामग्रीको

उपयोग गरिएको छ। प्राथमिक सामग्रीका रूपमा राजेन्द्र विमलको लङ्काकाण्ड कथा र द्वितीयक सामग्रीका रूपमा सांस्कृतिक अध्ययनका सैद्धान्तिक पुस्तकहरू रहेका छन्। यी सम्पूर्ण सामग्री पुस्तकालयीय विधिबाट सङ्कलन गरिएको छ। सङ्कलित सामग्रीको विश्लेषण गुणात्मक आधारमा गरिएको छ। यस लेखमा सैद्धान्तिक आधारमा निगमनात्मक अनुसन्धान विधिबाट कृतिको विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ।

## सैद्धान्तिक पर्याधार

मानव जीवनका यावत् सोच, विचार, चिन्तन, व्यावहारिक क्रियाकलाप आदि कुरा संस्कृतिभित्र पर्दछन्। अर्थात् सामाजिक, आर्थिक, धार्मिक, नैतिक, राजनैतिक र व्यावहारिक क्रियाकलापको समष्टिगत नाम नै संस्कृति हो। कुनै पाठ वा रचनाभित्र संस्कृतिको खोजी गर्ने कार्यलाई सांस्कृतिक अध्ययन भनिन्छ। साहित्यको समाजशास्त्रले साहित्यलाई सामाजिक दस्तावेज, सामाजिक साक्ष्य, सामाजिक तथ्य या सामाजिक संस्था मानेर यसको अध्ययन गर्दछ (पाण्डेय, सन् २०१६ पृ. १६५)। सांस्कृतिक अध्ययनका माध्यमबाट रचनाभित्र विद्यमान सामाजिक सत्यको अन्वेषण गरिन्छ। पाठभित्र वर्णन गरिएका घटना, पात्र र परिवेशको उचित विश्लेषण र मूल्याङ्कन गरी कृतिको गुणवत्ता निर्धारण गर्ने काम सांस्कृतिक अध्ययनका माध्यमबाट गरिन्छ। साहित्यिक कृति व्यक्ति लेखकको कल्पना र भावनाको उपजमात्र नभएर तत्कालीन समस्त गतिविधि, रीतिरिवाज, सामाजिक अवस्था, राजनैतिक प्रभाव, आर्थिक क्रियाकलाप आदि विविध पक्षको चित्राङ्कन हो। सांस्कृतिक अध्ययनले कृतिभित्र वर्णित परिवेश, परिस्थिति र प्रभावहरुको अध्ययनबाट त्यसको मूल कारण पत्ता लगाउँछ। यस अध्ययनले समाजका सीमान्तकृत र निमुखा नरनारी अनि हेजिमोनीबाट पीडित र मुक्त हुन चाहने र भएका विद्रोही, क्रान्तिकारी र अन्तर्मुखी सबै थरीका मानिसको अध्ययन गर्ने बाटो खोल्छ (सुवेदी, २०६८ पृ.१३६)। सांस्कृतिक अध्ययनले कृतिको अन्तर्वस्तुको विश्लेषण गर्दा निरपेक्ष रूपमा नगरी सामाजिक सन्दर्भको सापेक्षतामा गर्नु पर्छ भन्ने मान्यता राख्तछ।सांस्कृतिक अध्ययनको विषयक्षेत्र व्यापक छ। यसलेखमा प्रतिनिधित्व, प्रभुत्व र प्रतिरोधलाई मात्र हेर्ने प्रयास गरिएको छ।

### प्रतिनिधित्व

सांस्कृतिक अध्ययनमा प्रतिनिधित्वलाई विशेष प्राथमिकता दिइन्छ। प्रतिनिधित्वका सम्बन्धमा स्टुअर्ट हलले भाषाका माध्यमबाट अरूलाई कुनै अर्थपूर्ण कुराका बारेमा बताउनु वा संसारलाई अर्थपूर्ण ढङ्गले व्यक्त गर्नु नै प्रतिनिधित्व हो भनेका छन् (हल, सन् १९९७, पृ. १५)। प्रतिनिधि भनेको सामाजिक रूपमा स्वतन्त्र हैसियत राख्ने कुनै पनि व्यक्ति, वर्ग, समुदाय वा समूह हो। उसको त्यस प्रकारको हैसियत स्वतन्त्रताको ज्ञान, स्वतन्त्र इच्छा, सिर्जनशीलता, मौलिकता, गतिविधि आदिमा आधारित हुने गर्दछ (चैतन्य,२०७० पृ.१५९)। यसअन्तर्गत कृतिभित्र कुन वर्गका कस्ता पात्रहरूको प्रतिनिधित्व गराइएको छ त्यसको खोजी गरिन्छ। सांस्कृतिक सन्दर्भमा कुनै वर्ग, लिङ्ग, जाति, राष्ट्रियताको उपस्थिति साहित्यमा कसरी भएको छ भन्ने कुराको खोजी नै प्रतिनिधित्व हो (भट्टराई, २०७० पृ. ३३६)। समाजमा भएका आर्थिक रूपले उच्च र निम्न वर्ग, लिङ्गगत रूपले पुरुष र महिला, शक्तिका हिसाबले मूलधार र सीमान्तीकृत कुन

हैसियतका पात्रको प्रतिनिधित्व कुन रूपमा गराइएको छ त्यसको अध्ययन गरिन्छ। कृतिको अध्ययनमा मुख्य रूपले प्रतिनिधित्वलाई जोड दिनु पर्दछ। प्रतिनिधित्वलाई विषयसन्दर्भसँग सम्बन्धित नगराई कृतिको अर्थ आउँदैन। प्रतिनिधित्वको विश्लेषण गर्दा तत्कालीन विमर्शात्मक संरचना र लेखकको सांस्कृतिक चिारधारालाई पनि हेर्नु पर्दछ। यही प्रतिनिधित्वले कृतिभित्रको प्रभुत्व र प्रतिरोधको अवस्था पनि देखाउने भएकाले प्रतिनिधित्वको अध्ययन महत्त्वपूर्ण छ।

## प्रभुत्व

सर्वाधिकार सम्पन्नता र स्वामित्व नै प्रभुत्व हो। यो प्रभुत्व विभिन्न रूपमा प्रकट भएको हुन्छ। सांस्कृतिक अध्ययनमा अर्को महत्त्वपूर्ण पक्ष भनेको कृतिभित्रको प्रभुत्वको अवस्थाको निक्र्योल गर्नु हो। वर्गीय समाजमा संस्कृति पनि वर्गीय हुने भएकाले एउटा वर्ग प्रभुत्वशाली अवस्थामा र अर्को वर्ग प्रभुत्वहीन अवस्थामा रहेको हुन्छ। वर्गीय समाजमा पुँजीपति वर्ग प्रभुत्वमा र श्रमिक वर्ग प्रभुत्वहीन अवस्थामा, जातीय विविधता युक्त समाजमा तथाकथित उच्च जातका व्यक्ति प्रभुत्वमा र निम्न जातका व्यक्ति प्रभुत्वहीन अवस्थामा, पितृसत्तात्मक समाजमा पुरुष प्रभुत्वमा र महिला प्रभुत्वहीन अवस्थामा र अनुदार राज्यव्यवस्थामा सत्तामा रहेका जाति वा भूगोल प्रभुत्वमा र किनारीकृत जाति वा भूगोल प्रभुत्वहीन अवस्थामा रहेको हुन्छ। प्रभुत्वमा रहेको वर्गले प्रभुत्वहीन वर्गप्रति आफ्ना संस्कृतिहरू मार्फत् हैकम जमाउने काम गर्दछ। प्रभुत्वले विचार धारामार्फत् आफू अनुकूल संस्कार र चेतना निर्माणको त्यस्तो अवस्थालाई जनाउँछ जहाँ मानिसमा आलोचनात्मक चेतना समाप्त हुन्छ। (गिरी, २०७० पृ. ३०)। प्रभुत्वहीन वर्ग प्रभुत्वशाली वर्गका संस्कृतिलाई बिना प्रतिकार आफ्नै जस्तो ठानेर अङ्गीकार गर्न वाध्य हुन्छ। यस प्रभुत्वहीन वर्गलाई आफूमाथि भएको अन्याय र अत्याचारको बोधसम्म हुँदैन। समाजमा रहेको यस प्रकारको असमानता अन्त्य गर्न प्रभुत्वको स्थितिको बोध हुनु आवश्यक छ भन्ने धारणा ग्राम्चीले अघि सारेका हुन्। यसअन्तर्गत पाठ वा कृतिभित्र कुन वर्गको के कस्तो प्रभुत्व रहेको छ ? कुन वर्ग वा समुदाय शक्तिशाली र कुन शक्तिहीन छ ? भन्ने कुराको अधययन गरी तत्कालीन विमर्शात्मक अवस्थाको जानकारी पाउन सकिन्छ। प्रभुत्वशाली उच्च वर्गले प्रभुत्वहीन निम्न वर्गप्रति कुन प्रकारको सांस्कृतिक प्रभुत्व कायम गरेको छ भन्ने कुराको खोजी यसअन्तर्गत गरिन्छ।

## प्रतिरोध

सांस्कृतिक अध्ययनको अर्को महत्त्वपूर्ण पक्ष प्रतिरोधको अध्ययन हो। सामाजिक—राजनीतिक सन्दर्भमा स्थापित शक्तिसंरचना, प्रमुख विचारधारा वा दमनकारी शक्तिका विरुद्धमा पीडित र अपहेलित वर्गले दिने चुनौतीलाई प्रतिरोध भनिन्छ। प्रभुत्वशाली वर्गमा शक्तिको मूल स्रोत भए पनि प्रभुत्वहीन वर्गमा पनि विरोधी शक्ति रहेको हुन्छ। सांस्कृतिक अध्ययनले शक्ति वा प्रभुत्व माथिल्लो वर्गमा मात्र नभएर तल्लो वर्गमा पनि हुन्छ भन्ने मान्यता राखेको छ। शक्तिको स्रोत ज्ञान भएकाले तल्लो वर्गले आफूमाथि भएको अन्याय र शोषणको भेउ पाउने बित्तिकै केन्द्रमा रहेको शक्तिका विरुद्धमा प्रतिकारको प्रयास गर्दछ। परिधीय शक्तिले केन्द्रीय शक्ति विरुद्ध गर्ने प्रतिकार नै प्रतिरोध हो। जहाँ प्रभुत्व रहन्छ त्यहाँ प्रतिरोधको सम्भावना रहेको हुन्छ। यस्तो प्रतिरोधको अवस्था उत्पादन र वितरणमा हुने असन्तुलन र जातीय, वर्गीय

र क्षेत्रीय विभेदबाट उत्पन्न हुन्छ। कृतिमा सीमान्तीकृत वर्गले आफ्नो अस्तित्व रक्षाका लागि केन्द्रीय शक्तिसँग कसरी र कुन रूपमा प्रतिकार गरेको छ भन्ने कुराको अध्ययन यसअन्तर्गत गरिन्छ।

## नतिजा र विमर्श

### 'लङ्का काण्ड' कथामा प्रतिनिधित्व

लङ्का काण्ड कथा तराई/मधेस क्षेत्रमा बसोबास गर्ने नेपाली समुदायभित्रको सामाजिक, राजनैतिक, आर्थिक र पारिवारिक समस्यालाई प्रस्तुत गर्ने रचना हो। कथामा मधेसले भोगेको जातीय विभेद, आर्थिक असमानता, केन्द्रीय सत्ताबाट प्राप्त उपेक्षा र स्वयं मधेसबाट गैरमधेसीले भोग्नु परेको विभेदको चित्रण गरिएको छ। उपर्युक्त परिवेशमा निर्मित प्रस्तुत कथामा वर्णन गरिएका समस्त वर्ग वा समुदायको प्रतिनिधित्व कुन रूपमा कसरी गराइएको छ भन्ने कुराको अध्ययन यस खण्डमा गरिएको छ। यस कथामा विषयवस्तुको उठान मधेसमा विद्यमान भौगोलिक र जातिगत असमानताका विरुद्धमा प्रारम्भ भएको विद्रोहको पृष्ठभूमिबाट भएको छ। बर्सौंदेखि खस केन्द्रीय शासनसत्ताबाट किनारामा पारिएका मधेसीको प्रभुत्वहीन समुदाय केन्द्रीय सत्ता र भौगोलिक र जातिगत रूपमा केन्द्रीय सत्ता नजिक रहेका वर्गका विरुद्धमा सङ्घर्ष गरिरहेको छ। यही आन्दोलनरत वा आफ्नो प्रभुत्व स्थापित गर्न प्रयासरत शक्तिको अप्रत्यक्ष प्रतिनिधित्व गराइएको छ। यसमा केन्द्रीय सत्ताको शोषण, दमन र अत्याचारको संवाहकहरूको प्रत्यक्ष प्रतिनिधित्व नगराइए पनि सडकमा लागेका नाराका आधारमा केन्द्रीय सत्ताको प्रभुत्वले मधेसलाई किनारामा पारेको कुरा स्पष्ट बुझ्न सकिन्छ। "इन्क्लाब जिन्दाबाद ! मधेसी एकता जिन्दाबाद ! पहाडे चोर — मधेस छोड ! (विमल, २०६९ पृ.१६)"। सडकमा लागेका उपर्युक्त नाराका आधारमा बर्सौंदेखि किनारामा पारिएको मधेसी समुदायको प्रत्यक्ष प्रतिनिधित्व गराइएको छ भने किनारामा पार्ने पहाडे राज्यशक्तिलाई प्रत्यक्ष प्रतिनिधित्व गराइएको छैन। प्रत्यक्ष प्रतिनिधित्व नभए पनि माथिल्लो शक्तिकेन्द्रको संवाहक पहाडे समुदायका विरुद्धमा नारा लगाएर नेपथ्यमा उसको प्रतिनिधित्व गराइएको छ।

प्रस्तुत कथामा केन्द्रबाट प्रताडित मधेस आफैँमा एउटा शक्तिकेन्द्रका रूपमा रहेको छ। मधेसभित्रको सामन्ती संस्कार र त्यसले पारेको प्रभावको नमुना कथाले प्रस्तुत गरेको छ। आफ्नो घरायसी काम गर्दा इज्जत जाने तथाकथित उच्च वर्गका ढर्रावाल समुदायको प्रतिनिधित्व यसमा भएको छ। "कहाँ घरैपिच्छे पानीकल थिए र। कुवाबाट पानी झिक्नु पर्थ्यो। ठुलाबडाका घरमा छोरी—बुहारी सार्वजनिक कुवासम्म कसरी जाने ? त्यसैले उनीहरूले मैनावारी दिएर पधेर्नी राख्थे (विमल, २०६९ पृ. १८)"। प्रस्तुत साक्ष्यका आधारमा मधेसमा रहेको आर्थिक र सामाजिक असमानता देखाउने उच्च वर्गीय अहं प्रदर्शन गर्ने वर्गको प्रतिनिधित्व देखिन्छ। पहाडे मूलका व्यक्तिहरुको छायासम्म नपरेको धरहवा गाउँमा देखिएको शोषण र दमनको स्वरूपले मधेसमा व्याप्त सामन्ती प्रभुत्वको झलक आएको छ। आफ्ना घरका छोरीबुहारीमाथि परपुरुषको आँखासम्म नलागून् भनेर पानी बोक्ने पधेँर्नी राख्ने तर सीमान्तीकृत परिवारका महिलाप्रति यौन शोषण गर्न नहिचकिचाउने प्रवृत्ति देखिन्छ। धरहवा गाउँका मुखिया महन्थी मालिकको चरित्रका माध्यमबाट मधेसी उच्च घरानियाँहरूको प्रतिनिधित्व गराइएको छ। समाजका यावत् गतिविधिहरू आफूअनुकूल चल्नु पर्छ भन्ने मान्यता उनीहरूको छ। आफ्ना पुर्खाको अगुवाइमा सरकारी स्रोतको उपयोग गरी बनाएको

विद्यालयमा आफ्नो अग्राधिकार कायम गरी पढाइमा कमजोर भए पनि सामन्तका सन्तानलाई परीक्षामा प्रथम बनाउनु पर्ने, कुनै शिक्षकले योग्यताका आधारमा गाउँका निम्नवर्गीय परिवारका सन्तानलाई प्रथम बनाएमा जागिरबाट हात धुनु पर्ने आदि सामाजिक शोषण र दमनका खलनायक धनाढ्यहरूको प्रतिनिधित्व यसमा गराइएको छ। सम्पन्न परिवारको सन्तान भएकाले योग्यता र क्षमता नभए पनि परीक्षामा राम्रो अङ्क पाउने, सामान्य स्तरको काम गरे पनि बहादुर शासकसँग तुलना गरिने, भविष्यमा ठुलो मान्छे बन्न सक्ने प्रशंसाका पुल बाँधिने जस्ता अवास्तविक उच्चताको निर्माण गरी तल्लो वर्गप्रति प्रभुत्व कायम राख्ने प्रभुत्वशाली वर्गको प्रतिनिधित्व यसमा भएको छ।

आर्थिक रूपमा गरिब, श्रमजीवी, असहाय र अशिक्षित भएकाले समुदायका ठुलाबडाबाट ठगिएका र हेपिएका निमुखाहरुको प्रतिनिधित्व पनि यसमा गराइएको छ। जनकपुरमा सामन्तहरूका घरमा पधेर्नीको काम गरेर जीविकोपार्जन गर्ने लछमनिया बुढिया यसै वर्गकी पात्र हुन्। उनी सारोगाह्रो पर्दा समाजबाट साथसहयोग नपाउने तर आफ्नो स्वतन्त्र निर्णय गर्न खोज्दा समाजबाट बहिष्कारमा परेकी निम्न वर्गीय चरित्र हुन्। मङ्गला सानोबा र फेकनी सानीमा श्रम र शरीर दुबै कुराबाट शोसित भएका निम्न वर्गीय पात्र हुन्। यी दम्पती समाजको दोहोरो दमन र उत्पीडनमा परेका छन्। एकातर्फ विवाह भएको लामो समयसम्म सन्तान नभएर आफैँमा पीडित छन् भने अर्कोतर्फ रुढी र अन्धविश्वासी समाजले लगाउने निपुतर निपुतरीको लाञ्छनाले मर्माहत भएका छन्। "एक त निरवंश हुने पीडा, त्यसमाथि छरछिमेकीबाट छुट्ने र मर्माहत गरिरहने 'निपुत्तर' 'निपुत्तरी' (बाँझो बाँझी ) जस्ता शब्दका विषाक्त वाण। सानोबा र सानीमा कुनै प्राणान्तक ग्याँसले गुम्सिएको कोठाभित्र निस्सासिँदै—छट्पटाउँदै मृत्यु निम्त्याउँदै थिए (विमल, २०६९ पृ. २४)"। सामाजिक अन्धविश्वासका कारण सन्तान नहुने दम्पतीलाई नकारात्मक दृष्टिले हेर्ने, उनीहरूप्रति सहानुभूति राख्नुको सट्टा दुत्कार्ने र घोचपेच गर्ने गरिएको छ। आर्थिक हैसियत नभए पनि समाजले लगाउने आरोप र लाञ्छनाबाट मुक्ति पाउन र मानसिक पीडाबाट राहत पाउन धर्म सन्तान पाल्न विवश छन्। आफ्नो खेतबारी नहुनु र स्वदेशमा रोजगारीको उचित प्रबन्ध नभएकाले मङ्गला सानोबा जीविकोपार्जनका लागि भारतको पटना जान बाध्य छन्। उनी दिनभरि रिक्सा चलाएर कमाएको पैसा साँझबिहान रक्सी र ताडीको रस पिएर उडाउँछन्। सन्तुलित आहारको कमी, कडा शारीरिक परिश्रम र नसाको दुर्व्यसनका कारण क्षय रोगको सिकार भएर घर फर्किनु परेको छ। कुलत, रोग, शारीरिक दुर्बलता र गरिबीका कारण गाउँका सामन्तहरूले आफू र श्रीमतीप्रति गरेको अन्यायको विरोध गर्ने हिम्मत जुटाउन सकेका छैनन्। शिक्षाका अभावले दुख गरेर आर्जित गरेको सम्पत्तिको संरक्षण र सदुपयोग गरी पारिवारिक आर्थिक अवस्था माथि उठाउनु पर्छ भन्ने चेतना नभएका पात्र हुन्। उनले गरिब, अशिक्षित, परिश्रमी तर पारिवारिक दायित्व निर्वाह गर्न नसक्ने वर्गको प्रतिनिधित्व गरेका छन्।

फेकनी सानीमा निम्न आर्थिक अवस्थाबाट गुज्रिएकी परिश्रमी, सुरुमा निसन्तान भएका कारण रुढीवादी समाजबाट विभिन्न आरोप भोगेकी, छिमेकी साहुमहाजनबाट शारीरिक शोषणमा परेकी महिला हुन्। जीवन निर्वाह गर्न छिमेकमा घरायसी कामदारका रूपमा पसिना बगाए पनि पारिश्रमिकका रुपमा जुठो खाना र जडौरी कपडामै चित्त बुझाउन बाध्य छन्। "जब म पाँचौँ कक्षामा गएँ, मेरो जीवनको रङ

फिक्का पर्न थाल्यो। अकल्पित रुपमा सानीमाले छोरो पाउनु भयो। छिमेकीले भन्यो, ‘अनुहार काटिकुटी महन्थी मालिकसित मिल्छ (विमल २०६९ पृ. २७)”। अरुका लागि यो घटना अकल्पित भए पनि उनका लागि यो कल्पनाभित्रै थियो। पति विदेशमा भएका समयमा आफू र पोष्यपुत्रको जीवन यापनका लागि मालिकका हरेक इच्छा पूरा गर्नु पर्ने बाध्यतामा यो घटना घटेको थियो। आर्थिक अवस्था कमजोर हुनु, पति बिदेसिनु, पतिमा मालिकहरूप्रति विद्रोह गर्न सक्ने सामर्थ्य नहुनु आदि कारणले आफूमाथि भएको शरीर र श्रम शोषणको प्रतिकार गर्न नसक्ने निरीह बनेकी छन्। जीवन निर्वाह गर्न श्रम बेच्दा मालिकका कामुक व्यवहारबाट डामिएका असङ्ख्य निम्न वर्गीय सीमान्तीकृत महिला पात्रहरूको प्रतिनिधित्व उनले गरेकी छन्। अर्कोतर्फ आर्थिक र सामाजिक रुपमा निम्न वर्गका भएर पनि जीविकोपार्जनका लागि सामन्त वर्गको चाकडी गर्ने पात्रको पनि यसमा प्रतिनिधित्व भएको छ। यस्ता पात्रहरू आफ्ना सवर्गीयहरूको हित रक्षा र उनीहरूको समर्थनमा लाग्नुभन्दा तिनका विरुद्धमा लागेर सामन्त वर्गको पक्षपोषण गरिरहेका छन्। “चम्चाहरू खुसी हुँदै कराए, वाह वाह ! बाबुहरूले त जङ्गबहादुरलाई जित्ने भए। .... मालिकतिर हेर्दै गर्वले भने, ‘मालिक ! बाबुले कमालै गर्नु भयो (विमल,२०६९ पृ. २६)”। चाटुकारहरूले एक लट्ठी र आधामात्र हामफाल्ने प्रभुत्वशालीका सन्तानका बारेमा गरेको प्रशंसाले तिनले अद्भूत चमत्कार गरेको र राणा शासक जङ्गबहादुरसँग तुलना गरेका छन्। अर्कातर्फ आफ्ना सवर्गीय गरिबका छोराले अझ कुशलतापूर्वक दुई लट्ठी हामफाल्दा चम्चाहरूका आँखा रिसले आगो ओकल्न थाले घोषणा गरियो, “अबुइ, यो मोरो त, एक दिन ठूलै डाँका वा गुन्डो भएर निस्कन्छ, हजुर !’ त्यसपछि उनीहरुले मलाई कुट्न थाले (विमल, २०६९ पृ. २६)”। यसरी यस कथामा वर्गीय चेतना नभएका मालिकलाई खुसी पार्यो भने मात्र जीवन चलाउन सकिन्छ भन्ने सोच भएका अशिक्षित चाकरीवाजहरूको पनि प्रतिनिधित्व गराइएको छ।

प्रस्तुत कथामा प्रतिनिधित्व गराउन खोजिएको खास पक्ष भने केही फरक प्रकारको छ। यसमा मधेस, पहाड, उच्च वर्ग, निम्न वर्ग आदि स्पष्ट कित्ताकाट भएका एक थरी छन् भने अर्को थरी कित्ताकाट गर्न नसकिने वर्ग पनि छ। मधेसमा बसोबास गर्ने पहाडी मूल र मधेसी मूलको वैवाहिक सम्बन्धबाट जन्मिएका व्यक्तिहरूको एउटा वर्ग छ। मधेस विद्रोहका क्षणमा त्यस वर्गले भोग्नु परेको मानसिक र शारीरिक पीडाको स्वरूप प्रस्तुत गर्न कथामा त्यस वर्गको प्रतिनिधित्व गराइएको छ। “यी कथाहरू सुनेर पहिलोपटक मलाई ज्ञान भएको थियो— मेरा बाबु पहाडे हुन् र आमा मधेसी, पहाडे र मधेसीमा फरक हुन्छ, यी दुई थरीका मान्छे हुन् इत्यादि (विमल, २०६९ पृ. २३)”। सामान्य अवस्थामा मधेसमा अरू बच्चा जसरी नै हुर्किएका बच्चा र तिनका अभिभावकहरूले आफ्नो सन्तानले भोग्नु परेको मानसिक अन्तद्र्वन्द्वलाई समस्याको रुपमा उठान गरिएको छ। मधेसी मूलका व्यक्तिहरू पहाडे मूलका व्यक्तिका विरुद्धमा र पहाडे मूलका व्यक्ति मधेसी मूलका व्यक्तिका विरुद्धमा खुलेर सङ्घर्ष गरे पनि एकातिर मातृ कुल र अर्कातिर पितृ कुल भएका उभय विशेषता भएका व्यक्तिहरू सङ्कटमा छन्। “पहाडेहरूले भन्थे, यसले आमाको रगत बोल्छ। मधिसेहरू भन्थे, सर्पको बच्चा सर्प नै हुन्छ। तर म के गरौँ पहाडेले कुटाइ खाँदा पनि चोट मलाई लाग्थ्यो, मधेसी अन्यायमा परे हृदय मेरै विद्रोह गर्थ्यो (विमल, पृ. २९)”। उपर्युक्त साक्ष्यले भनेझैँ पहाडे र मधिसे दुबै जातिसँग समान तहको सम्बन्ध भएको मातृकुल र पितृकुलका बिचमा सम्बन्ध हुनुपर्छ भन्ने भावना

भएको समुदाय मधेस विद्रोहका समयमा दुबै पक्षबाट पीडित भएको छ। पितृकुलको टोपी र मातृकुलको धोती लगाएर दुबै वर्गको सहानुभूति पाउनु पर्नेमा दुबै समुदायबाट प्रताडित भएका छन्। यसरी यस कथामा आफू कुनै कित्ताको नभई विशुद्ध मानव भएर बाँच्न चाहने समुदायको पनि प्रतिनिधित्व भएको छ।

यसरी यस कथामा पहाडे खस राज्यसत्ताबाट शासित र प्रताडित मधेसी समुदाय, मधेसी समुदाय प्रबल भएको भूभागमा उनीहरूबाट दमित र शोषित भएका पहाडे समुदाय, मधेसी र पहाडे दुबै जातिबाट पीडित पहाडे मूल र मधेसी मूलको वैवाहिक सम्बन्धबाट जन्मिएका उभय विशेषता संवहन गर्ने समुदाय, आर्थिक सम्पन्नताका कारण निम्न वर्गप्रति प्रभुत्व कायम गर्न खोज्ने अनुदार सम्भ्रान्त वर्ग, आर्थिक विपन्नता र अशिक्षाका कारण श्रम र शरीरको शोषणमा परेको सीमान्तकृत समुदाय, सामाजिक अन्धविश्वासका कारण विभिन्न आरोप र लाञ्छना सुन्न र सहन बाध्य उपेक्षित समुदायको प्रतिनिधित्व गराएर सम्पूर्ण क्षेत्रलाई समेट्ने प्रयास गराइएको छ।

**‘लङ्का काण्ड’ कथामा प्रभुत्व**

लङ्का काण्ड कथा शक्तिशाली वर्ग र शक्तिहीन वर्गका बिचको अन्तर्सङ्घर्षको पृष्ठभूमिमा निर्माण भएकाले यसमा प्रभुत्वको अवस्था प्रशस्त पाउन सकिन्छ। विविधता युक्त समाजमा जाति, वर्ग, भाषा, संस्कृति आदिको अनेकताका कारण हरेकमा पृथकता पाइन्छ। समाजमा सबैको आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक हैसियत समान नहुने हुँदा स्वाभाविक रुपमा वर्ग भिन्नता हुन्छ। यस कथामा पनि विविधता युक्त समाजको चित्रण र तदनुकूल पात्रको प्रयोग गरिएकाले प्रभुत्वको स्थिति प्रशस्त पाउन सकिन्छ। मधेस विद्रोहको पृष्ठभूमिमा मधेसी समाजलाई मुख्य कार्यपीठिका बनाएर वस्तुविन्यास गरिएकाले यसमा प्रभुत्वशाली र प्रभुत्वहीनका बिचमा तनाब र दबाबको स्थितिको अनुमान लगाउन सकिन्छ। कथाको प्रारम्भमा नै ‘इनक्लाब जिन्दावाद ! मधेसी एकता जिन्दावाद ! पहाडे चोर — मधेस छोड् ! (विमल, पृ. १६)”। नारा लागेकाले शक्तिहीन अवस्थामा रहेको मधेसी समुदाय विद्रोहमा आएर शक्तिमा रहेको पहाडे समुदायलाई मधेस छोड्न दबाब दिइरहेको छ। यसबाट मधेसमा पहाडेहरूको प्रभुत्व रहेको कुरा स्पष्ट देखिन्छ। विगत लामो समयदेखि नेपालको राज्यसत्तामा रहेको खस जातिले मधेसलाई शोषण र उपेक्षा गरेको छ। मधेसी समुदाय खस राज्यसत्तालाई शत्रुका रूपमा हेर्छ र खस सत्ताले आफूहरुलाई देशभित्रै दोस्रो दर्जाको नागरिकका रूपमा हेर्छ भन्ने मान्यता राख्छ। मधेसले आफ्नो दुरवस्थाको कारक पहाडलाई मानेकाले प्रभुत्वशाली शक्ति पहाड हो भन्ने स्पष्ट छ। यसमा प्रत्यक्षरूपमा खस राज्यसत्ताले मधेसमाथि के कस्तो प्रभुत्व प्रदर्शन गर्यो भन्ने बेलीविस्तार लगाइएको छैन। पहाडे मूलको प्रभुत्वले मधेसी समुदायले भोग्नु परेको अप्ठ्यारो र असजिलो परिस्थितिको टिठ लाग्दो चित्रण पनि छैन तापनि आपसी एकताको आग्रहसहित सडकमा अभिव्यक्त भएको विद्रोह र आक्रोसको स्वरुपबाट मधेसमाथि पहाडको दमन सामान्य थिएन भन्ने बुझ्न सकिन्छ। राजनैतिक र प्रशासनिक नियन्त्रण, राज्यभित्र दोस्रो दर्जाको नागरिकको हैसियत, विकास निर्माणमा विभेद, पहिचानको अस्वीकृति आदि समस्याको धुवाँभित्र निस्सासिएको मधेस माथिल्लो शक्तिकेन्द्रका विरुद्धमा जागरुक भएर स्वत्व र पहिचानको स्थापनाका लागि मुखरित छ। भौगोलिक, जातिगत र राजनैतिक रुपमा किनारामा पारिएको मधेस स्वतस्फुर्त रूपमा

एकत्रित भएर मुखरित हुनु खस राज्यसत्ताको प्रभुत्व मुख्य कारक हो। यस कथामा जातिगत रूपमा खस जाति, भौगोलिक रुपमा पहाड र समग्र राज्यसत्ता नै प्रभुत्वमा रहेको र सीमान्तीकृत मधेस दमित, शोषित उत्पीडित र उपेक्षित भएकाले शक्तिहीन रहेको यथार्थ अभिव्यक्त भएको छ।

केन्द्रीय तहमा पहाडबाट किनारामा पारिएको मधेस क्षेत्रीय तहमा भने प्रभुत्वमा रहेको छ। कथाले पहाडिया खस राज्यसत्ताको प्रभुत्वमा शासित, दमित र सीमान्तीकृत पारिएको आफ्नो भौगोलिक परिवेशभित्र भने त्यसको विपरीत मधेस प्रभुत्वमा रहेको छ। मधेसी समुदायको प्रभाव रहेको जनकपुरजस्ता सहरमा अल्पसङ्ख्यक पहाडे समुदायप्रति मधेसको प्रभुत्व रहेको छ। खस जातिको पहिचान झल्किने पोसाक लगाएको व्यक्तिप्रति जनकपुरका व्यापारी, केटाकेटी र सर्वसाधारण मानिसले गरेको व्यवहारबाट अल्पसङ्ख्यकप्रतिको मधेसको प्रभुत्वको स्वरुप देख्न सकिन्छ। “पाठशालामा सरस्वती पूजा थियो। गुरुजीले हामीलाई पसलपसल गई चन्दा मागेर ल्याउन पठाउनु भयो तर पसलमा मलाई देख्ना साथ पसलेहरू ‘भाग पहाडिया’ भनेर धपाइ दिन्थे (विमल, पृ. २१)”। प्रस्तुत साक्ष्यका आधारमा मधेस मूलका अरू बालकलाई चन्दा दिने तर खस पहिचान भएको बालक म पात्रलाई भाग पहाडिया भनेर लखेट्नुले पहाडे समुदायको शक्तिहीनता र मधेसी समुदायको शक्तिशालिता देखिन्छ। यसरी नै पहाडमा उत्पादन भएका खाद्यान्न र फलफूल बेचेर घरायसी गर्जो टार्न मधेसका चाडपर्वका अवसरमा मधेस झरेका सामान्य व्यापारीहरूप्रति मधेसी समुदायका केटाकेटीले गरेको खिसिट्युरी र अपमानको प्रतिकार गर्न हिम्मत नगर्ने पहाडे समुदायको अवस्थाबाट मधेसको प्रभुत्व अनुमान गर्न सकिन्छ। “विवाह पञ्चमी मेलामा पहाडे मान्छेहरूको ठूलो ओइरो लाग्थ्यो। कछाड, टोपी, अस्कोट वा मयलपोस सुरवाल लगाएका मान्छेहरूको कमिला ताँती। पिठ्युँमा डोको, डोकोमा टम्म भरिएका सुन्तला। — हामी कराउँथ्यौँ — ओइ पहाडिया ओइओइ, चिल्लर मारे टोइटोइ, अपने भरे पानी बहुके कहे नानी (विमल, पृ. २१)”। प्रस्तुत साक्ष्यले पहाडबाट मेला भर्न आएका पहाडमूलका पाका मानिसहरुलाई हेपेर र होच्याएर केटाकेटीले गाएको गीतले गैर मधेसीप्रति मधेसले गरेको अन्यायका माध्यमबाट उसको प्रभुत्व झल्किएको छ। यसै गरी सलिलले आफ्ना सहपाठी साथीहरूलाई फलामका सिक्रीले निर्घात कुटपिट गरेर अन्त्यमा “जाओ साले पहाडेहरू (विमल, पृ. २९)” भन्नुले समकक्षी गैरमधेसीप्रति मधेसीको प्रभुत्वको स्वरुप स्पष्ट हुन्छ। समग्र राज्यसत्ताले राजनैतिक र प्रशासनिक रुपमा उपेक्षा गरेर किनारामा पारिएको मधेस क्षेत्रीय हिसाबले आफ्नो प्रभाव क्षेत्रमा शक्तिशाली र प्रभुत्वशाली रहेको छ।

प्रस्तुत कथामा पहाडे मूल र मधेसी मूलको जातिगत मिश्रणबाट जन्मिएका बालकलाई सीमान्तीकृत पात्रका रुपमा देखाएर उनीहरुको पीडालाई प्रस्तुत गरिएको छ। मातृकुल र पितृकुल दुबैतर्फका सम्बन्ध सूत्रका रुपमा रहेका यस वर्गका पात्रहरूले समाजमा दुबै समुदायबाट माया पाउनु पर्ने तर दुबैतिरबाट प्रताडित भएका छन्। मातृकुलको धोती र पितृकुलको टोपी लगाएर दुबै समुदायको अस्तित्व र आत्मसम्मानलाई सुरक्षित गर्ने उभय पहिचान स्थापित गर्न खोज्ने अल्पसङ्ख्यक व्यक्तिहरू पहाडी र मधेसी दुबै समुदायको अनुदार दमनले पीडित बनेका छन्। भानुभक्तको सालिक भत्काउन खोज्ने मधेसी समुदायलाई रोक्न खोज्दा “ए कुटकुट ! साले पहाडे (विमल, पृ.३०)” र विद्यापतिको सालिक ढाल्न खोज्ने पहाडे समुदायलाई रोक्न खोज्दा “ए कुटकुट ! साले मदिसे (विमल, पृ.३१)” भनेर अपमानित र

प्रताडित भएका छन्। यस प्रकार उभय पहिचान भएका समुदायप्रति दुबै जातिको शोषण र दमन रहेको छ। यस वर्गका व्यक्तिहरूप्रति पहाडे र मदिसे दुबैको विश्वास नभएकाले दुबै समुदायको अन्यायमा पर्थे। "पहाडेहरूले भन्थे, यसले आमाको रगत बोल्छ र मदिसेहरू त भन्थे, सर्पको बच्चा सर्प नै हुन्छ (विमल, पृ. २९)"। उभय पहिचानवाला समुदाय अत्यन्त कम भएकाले उनीहरूप्रति पहाडे र मदिसे दुबै समुदायले प्रभुत्व कायम रहेको छ।

प्रस्तुत कथामा मधेसी समाजभित्रको आर्थिक रुपले सम्पन्न र जातीय रुपले उच्च वर्गले निम्न वर्गीय गरिब जनताप्रति गरेको दमन, शोषण  अत्याचारका माध्यमबाट उच्च वर्गको प्रभुत्व देखाइएको छ। आफ्ना पुर्खाले स्थापना गरेको गाउँको विद्यालयमा जमिनदारका छोराछोरीलाई मात्र प्रथम बनाउनु पर्ने चलन, यो परिपाटीको उल्लङ्घन गरी योग्यता र क्षमताका आधारमा निम्न वर्गका छोराछोरीलाई परीक्षामा प्रथम बनाए त्यसो गर्ने शिक्षकलाई जागिरबाट निकालिदिने, "म फस्ट भएँ र ननटुन सेकेन्ड। यो कुरा मालिकलाई सह्य भएन। उहाँले घरमा पाल्नु भएको मास्टरलाई घोक्र्याएर घरबाट निकालिदिनुभयो (विमल, पृ. २९)"। जमिनदार सामन्तका सन्तानभन्दा सीमान्तीकृतका सन्तानले अब्बल क्षमता प्रदर्शन गरे गल्लीका कुकुर लखेटिए जसरी लखेटिनु पर्ने, धनी र सम्पन्नका छोराले कुनै सामान्य काम गर्दा भविष्यमा ठूलो मान्छे बन्ने लक्षण र गरिबका छोराले त्यही काम अझ कुशलतापूर्वक सम्पन्न गरे भविष्यमा भयङ्कर डाँका हुने भाष्य निर्माण गर्नु सम्भ्रान्त वर्गको प्रभुत्वको नमुना हो। यस प्रकारको भाष्य निर्माण गरेर गाउँका गरिब मजदुर वर्गमाथि प्रभुत्व कायम गर्ने शक्तिशाली वर्गको चलाखीलाई सीमान्तीकृत वर्ग आत्मसात गरिरहेको छ। माथिल्लो वर्गको संस्कृतिलाई आफ्नै संस्कृति ठान्ने अज्ञानताका कारण सामन्तको चाकरीमा रमाएका तल्लो वर्गका व्यक्तिहरू सवर्गीयप्रति जाइलागेका छन्। महन्थी मालिकका आँगनमा चाकरीमा उपस्थित भएका सीमान्तीकृतहरू शत्रु र मित्र वर्गको पहिचान गर्न नसकेर सम्भ्रान्त वर्गले निर्माण गरेको आफू विरुद्धको संस्कृतिलाई सहजरूपमा आत्मसात गरिरहेका छन्। यो वर्गलाई नियन्त्रणमा राखेर उनीहरुकै विरुद्धमा प्रयोग गर्नुले मधेसमा धनाढ्यहरूको प्रभुत्वलाई देखाएको छ। आफ्ना घरमा काम गर्ने कामदारहरूलाई मानवीय व्यवहारसम्म नगरी पशुलाई झैँ उब्रिएको जुठोपुरो खाना र थोत्रा जडौरी कपडा दिएर श्रमको शोषण गर्ने सामन्ती चरित्र यसमा प्रकट भएको छ। घरायसी कामदारका रूपमा रहेका महिलाको यौन शोषण गर्नु अधिकार झैँ ठान्नु, त्यस अनैतिक क्रियाकलापबाट जन्मिएका सन्तानको उत्तरदायित्व वहन नगर्नु आदि सामन्त प्रभुत्वको उदाहरण हो।

प्रस्तुत कथामा नारीमाथि पितृसत्तात्मक व्यवस्थाको प्रभुत्व पनि रहेको छ। महन्थी मालिकले फेकनी सानीमालाई गरेको यौन शोषण धनीले गरिबप्रति गरेको शोषण मात्र होइन मधेसी समाजमा शक्तिमा रहेको पुरुषले शक्तिहीन दमित नारीप्रति गरेको शोषण पनि हो। मधेसका नारीहरू पितृसत्ताको अधीनमा रहेकाले उनीहरू पुरुषले निर्माण गरेको सामाजिक मूल्यलाई मान्न विवश छन्। जनकपुर क्षेत्रमा उच्च घरानाका छोरीबुहारीलाई कुवामा पानी भर्न नपठाउनु नारीप्रति सम्मान र उदात्त भाव प्रदर्शन गरेको नभएर महिलालाई सार्वजनिक स्थलमा स्वतन्त्र रूपमा आवतजावत गर्न प्रतिबन्ध लगाउनु हो। उच्च घरानका महिलाहरू कुनै पनि पुरुषका सम्पर्कमा आउनु नहुने पुरुषवादी संस्कृतिका कारण उनीहरूलाई घरभित्रको

काममा मात्र सीमित राख्ने उद्देश्यले गाउँका गरिब महिलालाई महिनावारी दिएर पधेर्नी राखिएको हो। पुरुषको सामाजिक प्रभुत्वका कारण मधेसी समाजमा नारीहरूको स्वतन्त्र विचरण गर्ने, सामाजिक उत्तरदायित्व वहन गर्ने अधिकारबाट वञ्चित गराइएको छ। गरिब भएर एकल महिलाको जीवन निर्वाह गरिरहेकी लछमनिया बुढियाले आफ्ना सन्तानका बारेमा गरेको स्वतन्त्र निर्णयलाई पनि त्यस समाजले पचाउन नसकेर उनलाई पानी बाराबार गरेको छ। महिलाका निर्णयहरू आफन्त र इष्टमित्रले सहजरूपमा स्वीकार गर्न असजिलो भएको कुरा उनले गरेको निर्णयपछि पानी बार्नु जस्ता असामाजिक कार्यबाट पुरुष प्रभुत्वको प्रभाव देख्न सकिन्छ। मधेसमा पुरुष वा छोरालाई प्राथमिकता दिने र महिला वा छोरीलाई बाध्यताका रूपमा लिने चलनले पुरुष प्रधानतालाई देखाउँछ। लछमनिया बुढियाकी जेठी छोरी जन्मिएको घटनालाई सामान्य सन्तानसुखका रूपमा लिइएको छ तर दोस्रो सन्तानका रूपमा आएकी छोरीलाई सामान्य रूपमा स्वीकार गरिएको छैन। दोस्रो सन्तान छोरा होस् भन्ने सोच नै पितृसत्तात्मक सोच हो। त्यतिमात्र होइन दोस्रो सन्तानका रूपमा आएकी छोरीलाई मन दुखाउने पीडक सन्तानका रूपमा हेरिएको छ। “अर्कोपटक छोरो पाउने आशा थियो तर जन्मिई छोरी, त्यसैले न्वारान गरियो — मन तोरिया अर्थात् मन चुँडाउने (विमल, पृ. २२)”। छोरा जन्मिँदा मन प्रशन्न हुने र छोरी जन्मिँदा मन चुर्डिने चिन्तन पुरुष प्रधान समाजले निर्माण गरेको नारीप्रतिको विभेद र पुरुषप्रतिको उच्चता भाव प्रदर्शन हो।

यसरी यस कथामा प्रभुत्वका विभिन्न रूपको प्रस्तुति भएको छ।

**‘लङ्का काण्ड’ कथामा प्रतिरोधको सन्दर्भ**

लङ्का काण्ड कथामा विविधता युक्त सांस्कृतिक स्वरूपको चित्रण गरिएको हुँदा त्यस फरक संस्कृतिका बिचमा टकराव र सङ्घर्ष हुनु स्वाभाविक हो। अर्कोतर्फ केन्द्रीय शक्तिले परिधीय शक्तिमाथि आफ्नो प्रभुत्व कायम गरिरहन खोज्नु र परिधीय शक्तिले पनि प्रतिकार गर्दै माथि आउन खोज्नु शक्ति सङ्घर्षको नियमित प्रक्रिया हो। केन्द्रीय र परिधीय शक्तिका बिचको यस्तो अन्तर्सङ्घर्ष वा अन्तर्विरोध उत्पादन र वितरणमा हुने असमानता, जातीय र क्षेत्रीय विभेद, लैङ्गिक विभेद र आर्थिक असन्तुलन आदि कारणले भइरहेको हुन्छ।

प्रस्तुत कथामा प्रभुत्वमा रहेको खस राज्यसत्ताबाट कैयौँ पुस्तादेखि अन्याय, अत्याचार, शोषण र दमनमा रहेको तराईबासी मधेसी समुदाय केन्द्रीय प्रभुशक्तिका विरुद्धमा प्रतिकारमा उत्रिएको छ। कथामा नेपथ्यमा पृष्ठभूमिका रूपमा रहेको केन्द्रीकृत खस राज्यसत्ताको दमनकारी चरित्रलाई उदाङ्गो पारी दमितरूपमा रहेको परिधीय मधेसी शक्ति माथि उठ्न खोजेको छ। “साथी हो ! खस शासकीय अहङ्कारवादलाई माटोमा मिलाऔँ। ........ पहाडे निरङ्कुशता मुर्दावाद ! मुर्दावाद !! (विमल, पृ.३०)”। सत्तासीन भएर राज्यका सबै अङ्गमा पकड बनाएर प्रभुत्व कायम गरेको पहाडे समुदायका व्यवहारलाई अन्यायपूर्ण हो भनेको छ। मधेसले क्रमिक रूपमा आफूमाथिको अन्याय बुझ्न थालेको छ। यसै गरी यो देश पहाडेहरूको मात्र हो ? भनी प्रश्न गरेर मधेस राज्यसत्तामा आफ्नो भाग खोज्न जुर्मुराएको अवस्थाको चित्रण गरिएको छ। राजनीतिक शक्तिका दृष्टिले परिधिमा धकेलिएको मधेस प्रभुत्वशाली खस राज्यसत्ताको राजनैतिक संस्कृतिलाई स्वीकार नगर्ने अवस्थामा पुगेको छ। हिजोसम्म केन्द्रीय खस

राज्यसत्ताको निर्देशन र आज्ञालाई निर्बाधरूपमा स्वीकार गर्दै आएको मधेसमा उच्च तहमा रहेको शक्तिप्रति प्रतिरोधको चेत विकसित भएको छ। मधेस आफ्नो अधिकार र भाग खोज्न मात्र होइन खस शासकीय अहङ्कारलाई माटोमा मिलाएर आफू मूल प्रवाहमा आई राज्य संयन्त्रका सम्पूर्ण क्षेत्रमा प्रतिनिधित्व गर्न जागृत भएको छ। यसरी खस राज्यसत्ताको प्रभुत्वका विरुद्धमा मधेसी समुदायको प्रतिरोधको अवस्था स्पष्ट देखिएको छ। समाजका परिधीय र सीमान्तीकृत रूपमा रहेको स्वल्प शक्ति सचेत भएर माथि उठ्ने प्रयासमा रहेको अवस्थाले प्रतिरोधको स्थिति स्पष्ट देखिन्छ।

प्रस्तुत कथामा क्षेत्रीय तहमा रहेको प्रभुत्वशाली मधेसी शक्तिका विरुद्धमा क्षेत्रीय तहमा रहेको अल्प सङ्ख्यक पहाडे परिधीय शक्तिको प्रतिरोध पनि प्रकट भएको छ। जनकपुरका मेलामा भेला भएका पहाडेहरू अपमानित भए पनि प्रतिकारमा उत्रिएका छैनन्। लङ्काकाण्ड कथाको मुख्य पात्र 'म' ले प्रतिनिधित्व गरेको मातृकुल र पितृकुल फरक भएको टोपीका आधारमा हेपाइमा परेको अर्धपहाडे वर्गको प्रतिकार झिनो र साङ्केतिक रहेको छ। "मेरो साथी बौआलालले मलाई उसको घर लिएर गयो। उसकी आमाले सोध्नु भयो, को हो यो पहाडिया ? मैले सहन सकिन। म कसरी पहाडिया हुन सक्थेँ ? डाँको छोडी रुन थालेँ (विमल, पृ.२२)"। प्रस्तुत साक्ष्यमा म पात्रले आफ्नो नाममात्र पहाडिया ठानेको थियो। त्यस अज्ञानतासम्म ऊ मधेसका अरू साथीजस्तै पहाडबाट जनकपुर आएका भरिया र व्यापारीलाई जिस्क्याएर रमाइलो मान्थ्यो र आफ्नो पहाडिया नाम सबैले जानेको देखेर गर्व गर्थ्यो। बौआलालकी आमाले पहाडियालाई पहाडिया नभनेर के भन्ने जवाफ दिएपछि आफ्नो विगत सम्झेर साथीभाइले गरेको रमाइलो गर्वको विषय नभएर जातिगत विभेद भएको बुझ्यो र त्यसको बालसुलभ प्रतिरोध रोएर गरेको छ।

मधेसमा लामो समयदेखि बसोबास गर्दै आएको अल्प सङ्ख्यामा रहेको परिधीय पहाडे शक्ति आफ्नो संस्कृतिमाथि भएको आक्रमणका विरुद्धमा सङ्गठित भएर प्रतिरोधमा उत्रिएको छ र प्रभुत्वशाली मधेसी शक्तिका आफू विरुद्धका गतिविधिको प्रतिकार गरेको छ। "साथी हो, विदेशी तत्त्वहरूको चलखेल अब चल्न सक्तैन। मुठ्ठीभर सतुवाहरूलाई बोडरपारि पठाऔँ। यिनले भानुभक्तलाई ढाले, हामी विद्यापतिलाई ढलको गुहुमा फाल्छौँ (विमल, पृ.३१)"। कप्रस्तुत साक्ष्यका आधारमा मधेसभित्र बसोबास गर्ने पहाडेहरूमा खस राज्यसत्ताले निर्माण गरेको मधेसीलाई विदेशी मान्ने अहं रहे पनि भित्री मधेसमा मधेसी प्रभुत्वका अगाडि मौन बसेको थियो। केन्द्रीय राज्यसत्ताको प्रतिकार गर्ने सन्दर्भमा क्षेत्रीय प्रभुत्वशाली शक्तिले खसहरूको भाषिक र सांस्कृतिक धरोहरका रूपमा रहेका आदिकवि भानुभक्तको प्रतिमा ढालेपछि पहाडेहरूमा अस्तित्वको खोजी गर्ने प्रतिशोधको शक्ति जागृत भएको छ र मैथिली भाषा र संस्कृतिका धरोहर आदिकवि विद्यापतिको प्रतिमाप्रति अभद्र र उत्तेजित अभिव्यक्ति दिएर मधेसी प्रभुत्वका विरुद्धमा प्रतिरोधको भावना उब्जिएको छ।

प्रस्तुत कथामा मधेसी समाजभित्रको आर्थिक रूपले सम्पन्न र जातीय रूपले उच्च वर्गले सजातीय मधेसी निम्न वर्गीय गरिब जनताप्रति गरेको दमन, शोषण  अत्याचारका विरुद्धमा भने सामान्य प्रतिकार भए पनि सशक्त प्रतिरोध भएको छैन। महन्थी मालिकका छोरानातिले हाम फाल्दा ठूलो मान्छे बन्ने र

मैले (गरिबका छोराले) अझ राम्ररी हामफल्दा डाँका हुने पूर्वाभास मानिने भाष्यका विरुद्धमा म पात्रका मनमा प्रश्न उठ्नु र त्यसको जवाफ खोज्नुले तल्ला वर्गका व्यक्तिमा पनि आफ्नो अस्तित्वको पहिचान र अहंको चेतसँगै प्रतिकार र प्रतिशोधको झिल्का उठ्न सुरु गरेको आभाससम्म देख्न सकिन्छ। यसै गरी महन्थी मालिकका घरमा घरायसी कामदारका रूपमा रहेकी म पात्रकी सानीमाले सानोबा पटनामा भएका समयमा अप्रत्यासित रुपमा जन्माएको छोराका बारेमा अनुहार काटिकुटी महन्थी मालिकसँग मिल्छ भनेर सामाजिक विकृति र मालिकको यौनशोषणका बारेमा छिमेकीले चर्चा गरे पनि सम्भ्रान्त वर्गका विरुद्धमा आवाज उठाउने साहस गरेका छैनन्। श्रीमतीले आफ्नो अनुपस्थितिमा रोजगार दाताको शारीरिक शोषणबाट जन्मिएको सन्तानलाई पनि श्रीमान्ले आफ्नै सन्तान जसरी हुर्काउनु सन्तानको अभाव पुर्ति भएका कारणले मात्र नभएर समाजका प्रभुत्वशाली शक्तिका विरुद्धमा सीमान्तीकृत वर्गले प्रतिरोध गर्न नसक्ने अवस्थाको सङ्केत पनि हो। सानीमाले भाइ जन्माएपछि सानोबा र सानीमाबाट भएको उपेक्षा र दुर्व्यवहारबाट आजित भएको म पात्रमा महन्थी मालिकप्रति विद्रोही भाव जागृत भएको छ। त्यसैको परिणाम स्वरुप महन्थी मालिकका आँपमा झटारो हान्दै हिँडेको छ। यसमा सानोबाबाट कुटाइ खाएको झोँक र आफूलाई किनारामा पुर्‍याउने सानो भाइको असली पिता महन्थी मालिकप्रतिको विद्रोहले मुख्य भूमिका खेलेको छ। यसै गरी भारतीय प्रभुत्वका विरुद्धमा पनि म पात्रले प्रतिकार गरेको छ। बालसखा बिरिछियाले भगत सिंहले छुरीले पाखुरामा चिरेर ‘जयहिन्द’ लेखेको प्रसङ्ग उठाएर भारत वीरहरूको देश हो भन्ने अहं देखाउन खोजे पछि त्यसको प्रतिरोधमा म पात्रले आफैँले बोकेको छुरीले तत्काल आफ्नो पाखुरा चिरेर ‘जय नेपाल’ लेखी नेपालमा एउटामात्र होइन हरेक व्यक्ति वीर हुन्छन् भन्ने देखाएको छ। यसरी यस कथामा म पात्रका माध्यमबाट प्रतिरोधको सामान्य अवस्था देखाइएको छ।

## निष्कर्ष

लङ्का काण्ड सांस्कृतिक अध्ययनका दृष्टिबाट महत्त्वपूर्ण कथा हो। यसमा सामाजिक र सांस्कृतिक परिवेशको सम्यक् संयोजनमार्फत् समाजका विविध क्षेत्रका पात्रहरूको प्रतिनिधित्व गराइएको छ। विशेष गरेर तराईमधेसमा भएको राजनैतिक विद्रोहको पृष्ठभूमिमा सोही अनुकूलका विभिन्न वर्ग र जातिका पात्रहरूको प्रतिनिधित्व भएको छ। सदियौँदेखि खस राज्यसत्ताबाट राजनीतिक र प्रशासनिक रूपमा किनारामा पारिएको मधेसले खस राज्यसत्तासँग विद्रोहको स्वरूप, मधेसभित्रका स्वजातीय उच्च र निम्न वर्गको आन्तरिक असमानता, भित्री मधेसका अल्पसङ्ख्यक पहाडे मूलका व्यक्तिहरूप्रति हुने दमन र मधेसपहाड दुवै कुलका उभय पहिचान भएका व्यक्तिले भोग्नु परेको दुवैतर्फको उत्पीडन र दमनलाई देखाउन सोही अनुरूपका पात्रहरूको प्रतिनिधित्व गराइएको छ। यसरी हेर्दा विभिन्न वर्ग, जाति, समुदाय र क्षेत्रको विविधताको प्रतिनित्व हुने गरी विषयवस्तु, पात्र र परिवेशको संयोजन गरिएकाले प्रस्तुत कथा प्रतिनिधित्वका अध्ययनका दृष्टिकोणले महत्त्वपूर्ण रचना सिद्ध हुन्छ। यसै गरी विभिन्न क्षेत्र र समुदायको प्रतिनिधित्वसँगै असमान परिस्थितिको चित्रणमार्फत् शासक र शासित, पीडक र पीडित, दमक र दमितको अवस्था पनि देखाइएको छ। यसमा खस पहाडे केन्द्रीय शासकलाई प्रभुत्वशाली शक्तिका रुपमा र

तराईमधेसलाई सीमान्तकृत परिधीय शक्तिका रूपमा चित्रण गरिएको छ। भित्री मधेसको क्षेत्रीय तहमा मधेसी जाति प्रभुत्वमा र अल्प अल्पसङ्ख्यक पहाडे खस जाति सीमान्तीकृत परिधीय शक्तिका रुपमा चित्रित छ। भित्री मधेसका सम्पन्न र सम्भ्रान्त वर्गका व्यक्ति प्रभुत्वशाली शक्तिका रूपमा र आर्थिक र सामाजिक रूपमा निम्न वर्गका व्यक्ति सीमान्तीकृत रूपमा रहेका छन्। यसै गरी पुरुषहरू प्रभुत्वमा र नारीहरू अधीनस्थ शक्तिका रूपमा रहेका छन्। प्रस्तुत कथामा एउटामात्र वर्ग, समुदाय, जात, लिङ्ग र क्षेत्रमात्र प्रभुत्वमा नरहेर स्थान र परिवेश अनुकूल भिन्नभिन्नको प्रभुत्व र अधीनस्थताको स्वरूप देख्न पाइन्छ। सांस्कृतिक अध्ययनका प्रभुत्व र अधीनस्थताका पक्षबाट यो कथा उत्कृष्ट रहेको छ।

प्रस्तुत कथामा सदियौँदेखि दमित, उपेक्षित, शोषित र उत्पीडित जाति, वर्ग, समुदाय र क्षेत्र आफूले भोग्दै आएको दमन, उपेक्षा, शोषण र उत्पीडनका विरुद्धमा दमक, उपेक्षक, शोषक र उत्पीडकका विरुद्धमा प्रतिरोध र प्रतिकार गर्न उद्यत् र आवाज बुलन्द गर्न मुखरित हुन सुरु गरेको छ। विशेष गरेर खस पहाडी राज्यसत्ताको सुदीर्घ दमन र शोषणमा परेको तराईमधेस शोषणको विरुद्ध र आफ्नो नैसर्गिक अधिकार प्राप्ति र राज्यसत्तामा समान सहभागिताका लागि सडकमा प्रतिरोधमा उत्रिएको छ। पहाड सधैँ शासक र मधेस सधैँ शासित हुने अवस्थाको अन्त्य गर्न जागरुक भएर मधेस सशक्त रूपमा प्रभुत्वशाली खस राज्यशक्तिका विरुद्धमा प्रतिकारमा उत्रिएको छ। यसै गरी तराईका भित्री मधेसमा अल्पसङ्ख्यक खस पहाडीहरूप्रति प्रभुत्वशाली देखिने मधेसी शक्तिका विरुद्धमा  अल्पसङ्ख्यक खस जाति प्रतिरोधी भएर देखापरेको छ। मधेसभित्र मातृकुल र पितृकुल फरक भएर दुवै कुलको प्रतिनिधित्व गर्ने उभयकुली वर्ग पहाडमधेस दुवै कुलबाट शोषित र पीडित हुँदै आएको वर्ग पनि सहअस्तित्व स्वीकार गर्नु पर्छ भन्दै एकल प्रधानतावादी पक्षहरूका विरुद्धमा प्रतिरोधमा देखिएको छ। मधेसी र पहाडेको सङ्कुचित दायराभन्दा माथि उठेर विशुद्ध मानव मात्र भएर पनि बाँच्न पाउनु पर्छ भन्दै उक्त समुदाय प्रतिरोधमा मसिनो आवाज लिएर आएको छ। मधेसी समुदायभित्रको सम्भ्रान्त र निम्न वर्गका बिचको आन्तरिक प्रभुत्वका विरुद्धमा झिनो प्रतिरोधको आवाज सुनिए पनि मुखरित हुन सकेको छैन। पुरुष प्रधान मधेसी समुदायका अधीनस्थ नारीहरूले आफूमाथिको अन्याय र उत्पीडनका विरुद्धमा प्रतिरोध गर्ने हिम्मत गरेका छैनन्।

समग्रमा प्रस्तुत लङ्का काण्ड कथामा सांस्कृतिक अध्ययनका प्रतिनिधित्व, प्रभुत्व र प्रतिरोध आदिका आधारमा विश्लेषण गर्दा उपर्युक्त तत्वको समुचित संयोजन र सम्यक् निर्वहण भएको पाइन्छ। यस दृष्टिबाट प्रस्तुत कथा  सांस्कृतिक अध्ययनको महत्त्वपूर्ण उपलब्धिमूलक रचनाका रूपमा स्वीकार गर्न सकिन्छ।

## सन्दर्भसूची

उप्रेती, सञ्जीव. (२०६९). *सिद्धान्तका कुरा,* चौ.संस्करण. काठमाडौं : बुकहिल पब्लिकेसन।

गिरी, अमर.(२०७०). 'सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा.' *भृकुटी,* भाग १९. पृ. ११—४६. काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन्स।

चैतन्य, (२०७०).‘समकालीन बुर्जुवा दर्शन र सांस्कृतिक अध्ययन’. *भृकुटी*, भाग १९. पृ. १४२—१७१ . काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन्स।

पांडेय, मैनेजर.(२०१६).‘साहित्यका समाजशास्त्र और मार्क्सवादी आलोचना’.*मैनेजर पांडेय संचयिता.* (पंकज पराशर सम्पा.). हरियाणा : अधार प्रकाशन।

भट्टराई, रमेश प्रसाद.(२०७०). ‘सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरु’.*भृकुटी*, भाग १९. पृ. ३३४—३६४ काठमाडौं : भृकुटी एकेडेमिक पब्लिकेसन्स।

विमल, राजेन्द्र. (२०६९). *समयका आँखा.* काठमाडौं : साङ्ग्रिला बुक्स।

हल, स्टुअर्ट. ( सन् १९९७). ‘द वर्क अफ रिप्रेजेन्टेसन’. *रिप्रेजेन्टेसन : कल्चरल रिप्रेजेन्टेसन्स एन्ड सिग्निफाइङ्ग प्राक्टिसेस.* पृ. १३— ७४. लन्डन : सेज पब्लिकेसन्स।

सुवेदी, अभि. (२०६८). ‘सांस्कृतिक समालोचनाको सेद्धान्तिक विकास’. *रत्न वृहत् नेपाली समालोचना.* पृ. १२५ — १३९. काठमाडौं : रत्न पुस्तक भण्डार।